# लो-घेकर दामोदरकुण्ड गाउँपालिका

# आर्थिक ऐन, २०८२/०८३

लो-घेकर दामोदरकुण्ड गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चराङ, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

२०७८

लो-घेकर दामोदरकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

## लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२

प्रस्तावनाः लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम लो-घेकर दामोदरकुण्ड गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यस ऐनको नाम "आर्थिक ऐन, २०८२ रहेको छ।

ख) यो ऐन २०८२ साल श्रावण १ गते देखि लो-घेकर दामोदरकुण्ड गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पति करः** यस गाउँपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। आगामी आ.व. २०८२/८३ मा यस गाउँपालिकामा दर्ता हुन आउने व्यवसायहरुलाई प्रोत्साहन बापत एक पटकको लागि व्यवसाय करमा ५०% छुटको व्यवस्था गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी, माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ। तर संरक्षित क्षेत्रको लागि आकर्षित हुने कानुन बमोजिम हुने कुराहरु सोहि बमोजिम हुनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुन अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि १ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कायाकिंग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायाकिंग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि ११ बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. सेवा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क र अन्य दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग वापतको शुल्क, कार्यालयबाट उपलब्ध गराइएको सेवामा अनुसूचि १२ मा उल्लिखित व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. पर्यटन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

अनुसूची १ सम्पत्ती कर/घरजग्गा करः संघ प्रदेश तथा गाउँपालिकाले निर्माण गरेको कानुन बमोजिम

अनुसूची २ भूमी करः

| राजस्व संकेत | शिर्षक | दर | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ११३१४ | भूमि कर/मालपोत | प्रति रोपनी रु ४० | जग्गाको क्षेत्रफल नजिकको अंकमा शुन्यान्तर गरी रोपनी निकाली कुल रकम हिसाव गरिने |

अनुसूची ३ घर बहाल कर

| राजस्व संकेत | शिर्षक | दर | कैफियत |
|---|---|---|---|
| ११३२१ | घर बहाल कर | बहाल रकमको १० प्रतिशत | संघीय सरकारले तोकेको दर बमोजिम |

अनुसूची ४ व्यवसाय करः

व्यवसाय कर प्रति वर्ष निम्नानुसार हुनेछः

क. होटेल व्यवसाय करः कार्यविधि बमोजिम हुने

ख. पसल वयापरः कार्यविधि बमोजिम हुने

ग. डिस्टीलरी उद्योगः कार्यविधि बमोजिम हुने

घ. कृषि व्यवसायः व्यावसायिक कारोवारको स्वघोषणाको आधारमा कर लिइनेछ।

भेडा च्याङ्ग्रा प्रति गोटा रु १०।-

याक प्रति गोटा रु १००।-

स्याउ प्रति केजी रु १।-

अनुसूची ५ जडीबुटी कवाडी र जीवजन्तु करः संरक्षण क्षेत्र सम्बन्धी संघीय कानुन वा प्रदेश कानुन बमोजिम

अनुसूची ६ सवारी साधन करः प्रदेश कानुन र निर्णय बमोजिम

अनुसूची ७ विज्ञापन करः प्रदेश कानुन र निर्णय बमोजिम

क. गाउँपालिकाले विज्ञापनहरु राख दिने निर्णय पश्चात गाउँसभाको निर्णय बमोजिम करको दर निर्धारण हुने

ख. प्रदेश कानुन र निर्णय बमोजिम

अनुसूची ८ मनोरन्जन करः

क. गाउँपालिकाले मनोरन्जनस्थल निर्माण पश्चात गाउँसभाको निर्णय बमोजिम करको दर निर्धारण हुने

ख. प्रदेश कानुन र निर्णय बमोजिम

अनुसूची ९ बहाल बिटौरी करः

क. मेला महोत्सवमाः निर्माण गरी व्यापर व्यवसाय गरे वापत बहाल रु ५०० देखि २००० सम्म (आर्थिक कारोवार स्वघोषणा समेत आधार मानी गाउँ कार्यपालिकाले यो सिमाभित्र रही तोकिदिन सक्ने)

ख. गाउँपालिकाको स्वामित्वमा रहेको जग्गा वा भवन वा अन्य बहाल बिटौरी जाने भएमा गाउँसभाको निर्णय बमोजिम हुने

अनुसूची १० पार्किङ शुल्कः प्रति ट्रक रु २००

प्रति जीप रु १०० (कालो नम्बर प्लेट) र २०० (अन्य नम्बर प्लेट)

प्रति ट्याक्टर रु १००।

अनुसूची ११ ट्रेकिङ्ग, कायाकिंग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्कः प्रदेश तथा संघीय कानुन र गाउँपालिकाले संरचना निर्माण गरे पश्चात गाउँसभाको निर्णय बमोजिम हुने

अनुसूची १२ सेवा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क र अन्य दस्तुरः

क. सेवा शुल्कः गाउँपालिकाले सो प्रकारको पूर्वाधार निर्माण गरे पश्चात

ख. अन्य प्रशासनिक सेवा शुल्क र अन्य दस्तुरः निम्नानुसार हुनेछः

| शिर्षक | दर |
|---|---|
| सामान्य सिफारिस | रु ५०० |
| आय तथा सम्पत्ती प्रमाणित, मुल्याकन | न्यूनतम रु ५०० र अधिकतम ०.४ प्रतिशत |
| अंग्रेजीमा सामान्य सिफारिस तथा प्रमाणित | रु १००० |
| चारकिल्ला सिफारिस | रु ५०० |
| घरबाटो घरकायम सिफारिस | रु ५०० |
| सेवा जडान सिफारिस | रु ५०० |
| जन्म मिति प्रमाणित | रु ७०० |
| विवाहिता तथा अविवाहिता प्रमाणित | रु ७०० |
| मृत्यु प्रमाणित | रु ५०० |
| सर्जमिन मुचुल्का | रु ५०० |

| | |
|---|---|
| कर चुक्ता प्रमाणपत्र सिफारिस | रु ५०० |
| बैदेशिक रोजगार प्रमणित | रु २००० |
| मेला, खेलकुद सञ्चालन अनुमित | रु २५०० |
| कन्सुलर प्रमाणित | रु ५०० |
| नक्सा पास वापत | प्रति स्क्वार फिट रु ५ |
| जग्गा नामसारि | रु ५०० |
| चार किल्ला प्रमाणित | प्रति कित्ता रु ५०० |
| कित्ताकाट सिफारिस | रु ५०० |
| अशंवण्डा सिफारिस | प्रति रोपनि रु ५०० |
| कवाडी संकलन | प्रति केजि रु २ |
| जडिबुटि निकासी कर | प्रति केजि रु ३० |
| प्यान भ्याट बन्द सिफारिस | रु ५०० |
| खानेपानी मुहान नविकरण अनुमती | रु ५०० |
| हकवाला प्रमाणित | रु ५०० |
| नागरिकता प्रमाणपत्र लिने सिफारिस | रु ५०० |
| नाबालिक परिचयपत्र सिफारिस लिने | रु ५०० |
| नागरिकता प्रतिलिपी लिने वा सच्याउने | रु ५०० |
| अंगिकृत नागरिकता सिफारिस | रु २००० |
| नाता प्रमाणित | रु ५०० |
| व्यक्तिगत घटना दर्ता विलम्व शुल्क | रु २०० |
| व्यक्तिगत घटना दर्ता प्रतिलिपि शुल्क | रु ५०० |
| व्यक्तिगत घटना दर्ता शंशोधित प्रतिलिपि शुल्क | रु ७०० |
| कागजात प्रतिलिपी निवेदन दस्तुर | रु ५०० |
| नाम थर प्रमाणित, जन्म मिति संशोधन सिफारिस | रु ५०० |
| माथि उल्लेखित बाहेक अन्य प्रमाणित र सिफारिस भए | रु ५०० |
| पालिका बाहेकमा कृषक समूह समूह दर्ता र नविकरण | रु ५०० |
| कृषक समूह दर्ता र | रु १००० |
| कृषक समूह नविकरण | रु ५०० |
| पालिका बाहेकमा व्यवसाय दर्ता र नविकरण सिफारिस | रु ५०० |
| पालिका बाहेकमा संस्था दर्ता र नविकरण | रु ५०० |
| संस्था दर्ता र नविकरण | रु १००० |

| | |
|---|---|
| साधारण निवेदन तथा परिक्षा आवेदन शुल्क | रु ५०० |
| बसोबास तथा बसाइसराइ सिफारिस | रु ५०० |
| याक र चाङग्राको आलो मासु निकासि प्रति के जी | रु १०० |
| याक र चाङग्राको सुकुटी मासु निकासि प्रति के जी | रु ५०० |
| अन्य सिफारिस | रु ५०० |
| विपन्न विधार्थी छात्रवृत्ती प्रमाणीत सिफारिस | निशुल्कः |
| अपाङ्ग प्रमाणित सिफारिस | निःशुल्क |
| जेष्ठ नागरिक एकल महिला ,सिफारिस | निःशुल्क |
| सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीलाई परिचयपत्र पाउँ सिफारिस | निशुल्कः |
| सार्वजनिक संस्थालाई दिईने सिफारिस | निशुल्कः |
| विपन्न नागरिक उपचार सिफारिस | निःशुल्क |

| सि.नं. | विवरण | दर्ता/अनुमती | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १ | १० देखि माथि कोठा भएका होटलहरू | रु १०००० | रु ४००० | |
| २ | ६ देखि ९ कोठासम्म भएका होटलहरू | रु ७००० | रु २००० | |
| ३ | ५ कोठा सम्मको होटेल | रु ४००० | रु १५०० | |
| ४ | होलसेल किराना पसलहरू | रु ५००० | रु ३००० | |
| ५ | किराना पसलहरू | रु २५०० | रु २५०० | |
| ६ | सोविएनेर पसल | रु ५००० | रु २५०० | |
| ७ | फ्रेस हाउस | रु २००० | रु २००० | |
| ८ | ईलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल पसल | रु २००० | रु १००० | |
| ९ | टेलर, सैलुन,साइवर | रु १००० | रु ५०० | |
| १० | घ वर्गको निर्माण व्यवसाय दर्ता/नविकरण | रु १५००० | रु १०००० | |
| ११ | चियापसल, रेष्टुरेण्ट, खुद्रा पसल, स्टेशनरी तथा विभाजनमा नपरेका अन्य सबै साना व्यवसायहरू | रु १५०० | रु १००० | |
| १२ | ट्याक्टर/ट्रक ढुवानी सेवा | रु १५०० | रु १००० | |
| १३ | थ्रेसर,कुटानी पिसानी मिलहरु | रु १५०० | रु १००० | |
| १४ | ब्लक उद्योग, ग्यारेज, शोरुम, ग्रिल उद्योग | रु ५००० | रु ४००० | |
| १५ | फर्निच उद्योगहरु/ "स"मिल व्यवसाय | रु ५००० | रु ४००० | |
| १६ | बैङ्किङ तथा वित्तिय कारोवार गर्ने संस्था | रु २०००० | रु १०००० | |
| १७ | लघु, घरेलु र साना उधोग दर्ता | रु २००० | रु १००० | |
| १८ | अन्य | रु २००० | रु १००० | |

अनुसूची १३ पर्यटन शुल्कः प्रदेश तथा संघीय कानुन बमोजिम